आज मिति २०७४ पौष ७ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिका कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

१. प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका

२. उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका

३. सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका

४. सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका

५. सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका

६. सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका

७. सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका

८. सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका

९. सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका

१०. सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका

११. सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका

१२. सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका

१३. सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका

१४. सदस्य श्री बाबुराम गैरे शितगंगा नगरपालिका

१५. सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका

१६. सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका

१७. सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका

१८. सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका

१९. सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका

२०. सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका

२१. सदस्य श्री अर्चल राना मगर शितगंगा नगरपालिका

२२. सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री टुकमान पुन मगर शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री माधव बन्जाडे शिक्षा अधिकृत

२. श्री कृष्ण पौडेल स्वास्थ्य संयोजक

३. श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा

४. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

५. श्री हुम बहादुर लामिछाने शितगगां न.पा. स.ई.

प्रस्तावहरु :-

१. खा.पा. मर्मत संभार कोषको रकम रकमान्तर सम्बन्धमा ।

२. शिनपा ४ अमराईको व्याडमिन्टन कोर्ट निर्माणको लागि रकम थप सम्बन्धमा ।

३. शितगंगा नगरपालिकाको भवन निर्माणका लागि जग्गा खोज्न समिति गठन गर्ने सम्बन्धमा ।

४. वडाको लागि मोटर साईकल खरिद सम्बन्धमा ।

५. ठेक्का पट्टाको माध्यमबाट कार्य गराउने सम्बन्धमा ।

६. उपभोक्ता समिति गठन सम्बन्धमा ।

७. प्राविधिक कर्मचारी राख्ने सम्बन्धमा ।

८. योजना तथा कार्यकमहरु समयमै कार्यान्वयन गर्ने सम्बन्धमा ।

९. आयुर्वेद स्वास्थ्य क्लिनिक लाई रकम विनियोजन सम्बन्धमा ।

१०. विद्यालयका घडेरी निर्माणको लागि रकम विनियोजन सम्बन्धमा ।

११. मुस्लेघाट पदमे खा.पा. योजना मर्मतका लागि रकम विनियोजन सम्बन्धमा ।

१२. चोरी निकासी नियन्त्रणको लागि चौकीदार राख्ने सम्बन्धमा ।

१३. खर्च अनुमोदन सम्बन्धमा ।

१४. वडा तर्फका विद्युतिकरण का योजना कार्यान्वयन सम्बन्धमा ।

१५. खानेपानी सरसफाई डिभिजन कार्यालयमा पाईप माग गर्ने सम्बन्धमा ।

१६. वडा कार्यालयका कार्यालय सहायक र कार्यालय सहयोगि कर्मचारीको तलव सम्बन्धमा ।

१७. ठाडा इप्राका हातामा दुर्गा भगवती मन्दिरलाई सहयोग गर्ने सम्बन्धमा ।

१८. वडा कार्यालयको जग्गा व्यावस्थापन सम्बन्धमा ।

१९. स्वास्थ्य संस्थाका कर्मचारी सम्बन्धमा ।

**निर्णयाहरु**

निर्यय :- १.

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०७४/६/६ र ७ गते भएको नगर सभावाट नगर स्तरिय योजना तथा कार्यक्रम बनाउदा वित्तिय समानिकरण तर्फको रकम बाडफाड गर्दा सामाजिक विकास तर्फ खानेपानी मर्मत संभार कोष भनि रु १५ लाख विनियोजन भएकोमा हाल विभिन्न खानेपानी योजना मर्मत गरी खानेपानी सुविधा पुऱ्याउनु पर्ने भएकोले उक्त रकमको समेत पाईप खरिद गरी खानेपानी योजना मर्मत सुधार गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलपल गर्दा मिति २०७४/६/६ र ७ गते भएको नगर सभावाट नगर स्तरिय योजना तथा कार्यक्रम बनाउदा वित्तिय समानिकरण तर्फको रकम बाडफाड गर्दा वडा नं. ४ तर्फको वजेट बाट अमराई खेल मैदान भनि रु ५० हजार रकम विनियोजन भएकोका सो रकमबाट व्याटमिन्टन कोट निर्माण कार्य गर्दा ढलाई सम्म मात्र भई अधुरो रहेकोले उक्त कोट प्लास्टर, पनिङ्ग तथा रङ्गरोगन गर्न म्याचिङ्ग फण्डमा विनियोजन भएको रकमबाट रु ५० हजार थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको भवन निर्माण गर्दा शितगंगा न.पा.को वडा नं. ३ र ४ को उपयुक्त स्थानमा जग्गा खोज्न निम्न अनुसारको ७ सदस्यि समिति गठन गर्ने र उक्त समितिले ७ दिन भित्र नगरपालिकामा सो को प्रतिवेदन पेश गर्ने, पेश गरे पश्चात बैठक बसी भवन बनाउने स्थानको टुङ्गो लगाउने निर्णय गरियो ।

१ संयोजक श्री सुर्य प्रसाद अधिकारी नगर प्रमुख

२. सदस्य श्री टिका बहादुर रेश्मी नगर उप प्रमुख

३ सदस्य श्री दुर्गा बहादुर वि.सी.

४ सदस्य श्री रुक बहादुर आले

५ सदस्य श्री दामोदर न्यौपाने

६. सदस्य

७. सदस्य श्री हुम बहादुर लामीछाने स.ई शि.नं.पा

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलपल गर्दा यस न.पा अर्न्तगतका वडा नं. १, २ र ७ वडा बाहेक अन्य वडाहरुले एक एक वटा १५० सि.सि सम्मको मोटर साईकल खरिद गरी भुक्तानी को लागि विल पेश गर्ने र उक्त मोटर साईकलहरु सम्बन्धित वडा अध्यक्ष वा सम्बन्धित वडा सदस्य वा वडा सचिवले लाइसेन्सको फोटोकपी पेश गरेपछी मात्र हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिका तर्फको रकमबाट विनियोजन भएको विद्युतिय सामाग्री खरिद, पाईप खरिद, जस्ता खरिद, ग्याविन तार जाली खरिद बुनाई शिर्षकमा विनियोजित रकमबाट विनियोजन अनुसारको ठेक्का पट्टाको माध्यमबाट कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा उपभोक्ता समिति गठन गर्दा सवै पक्षलाई समेटेर नगरेको भनि गुनासाहरु आई रहेको सन्दर्भमा उपभोक्ता समितिमा सम्बन्धित योजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरुको आम भेला बोलाई सवै क्षेत्र तथा पक्षलाई समेटी गठन भएका समितिलाई मात्र शिफारीस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगर सभाबाट प्राविधक कर्मचारी व्यावस्थापन गर्ने भन्ने निर्णय भए बमोजिम तपशिल बमोजिमका कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा मिति २०७४/९/५ गते देखि कामकाज गर्न लगाई सकिएकोमा सो कार्यलाई समर्थन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. इन्जिनियर श्री नारायण पाण्डे

२. अ.स.ई. श्री तेज कुमार वेल्वासे

३. अ.स.ई श्री भरत बहादुर वि.क.

४. अ.स.ई. श्री रिमा राश्कोटी

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगर सभाबाट विनियोजन भएका सवै योजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयन गर्न उपभोक्ता समिति गठन तथा कार्यान्वयन प्रकृयामा सम्बन्धित वडाका वडा अध्यक्ष तथा सदस्यहरुले पहल गर्ने निर्णय गरियो । साथै काममा सहजता ल्याउनको लागि योजना कार्यान्वयनमा सामान्यतया निम्न अनुसारको समय कार्य तालिका बनाई सोही बमोजिम गर्ने निर्णय गरियो ।

(क) उपभोक्ता समिति संग सम्झौता गर्ने तथा भुक्तानीको लागि कागजातहरु पेश गर्ने प्रत्येक महिनाको १ गते देखि १० गते सम्म ।

(ख) नगरपालिकाबाट अनुगमन तथा मुल्याङ्कन र सार्वजनिक परिक्षण प्रत्येक महिनाको ११ गते देखि २० गते सम्म

(ग) नगरपालिकाबाट रकम भुक्तानी गर्ने प्रत्येक महिनाको २१ गते देखि ३० गते सम्म

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको ठाडामा संचालन हुदै आएको आयुर्वेद स्वास्थ्य क्लिनिकको लागि रु २ लाख नगर सभाबाट विभिन्न योजना तथा कार्यक्रमको लागि म्याचिङ्ग फण्डमा विनियोजन भएको रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाका तपशिल बमोजिमको विद्यालयका लागि घडेरी निर्माण गर्न निम्न अनुसारको रकम नगर सभाबाट विभिन्न योजना तथा कार्यक्रमको लागि म्याचिङ्ग फण्डमा विनियोजन भएको रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

१. श्री महाकालि आधारभुत विद्यालय शितगंगा १ रु ५० हजार

२. श्री लाल आधारभुत विद्यालय शितगंगा ७ रु ५० हजार

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाका वडा नं. ३ को मुस्लेघाट पदमे खानेपानी योजना विग्री खानेपानी अवरुद्ध हुन गएकोले सो खानेपानी योजना तत्काल मर्मत सुधार गर्नको लागि (५० मी.मी. ६ के.जी प्रेसरको ४०० मी पाईप) नगर सभाबाट वित्तिय सामानिकरण अर्न्तगत सामाजिक विकास तर्फ विभिन्न खानेपानी योजना मर्मत शिर्षकमा रहेको रकम रु ७ लाख मध्येबाट रु ९० हजार विनियोजन गरी कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाकाको आन्तरिक आयलाई व्यावस्थि गर्न तत्काल पूर्व, दक्षिण क्षेत्र (तराई क्षेत्र) तर्फका खोलाबाट हुने ढुङ्गा, गिट्टी, बालुवा, तथा काठ चोरी निकासी नियन्त्रण गर्न क्षेत्र तोकी केही महिनाको लागि ३ जना चौकीदार उक्त क्षेत्रमा दैनिक ज्यालादारीमा राख्ने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाकाको चालु खर्च तर्फबाट अन्य सामाजिक सहायता शिर्षकबाट विभिन्न मितिमा प्रमुख ज्यूको आदेशानुसार भएका निम्न खर्चहरु अनुमोदन गरियो ।

**औषधि उपचार खर्च तर्फ**

| | |
|---|---|
| १. पिताम्वर अधिकारी शिनपा ४ | रु ३०००।- |
| २. विर बहादुर सार्की शिनपा ३ | रु ३०००।- |
| ३. ढुन बहादुर गाहा शिनपा ६ | रु ३०००।- |
| ४. लाल बहादुर वि.क. शिनपा ३ | रु ३०००।- |
| ५. थानेश्वर वेल्वासे शिनपा ४ | रु ३०००।- |
| ६. शान्ता परियार शिनपा ३ | रु ३०००।- |
| ७. जगत बहादुर वोहरा शिनपा ४ | रु ३०००।- |
| ८. मेघराज दर्लामी शिनपा ११ | रु ३०००।- |
| ९. रिषीराम कुवर शिनपा १ | रु ३०००।- |

१० खुम बहादुर थापा शिनपा ७ रु ३०००।-

११. जुद्ध बहादुर थापा शिनपा १२ रु ३०००।-

१२ खिमकला पाण्डे शिनपा ४ रु ३०००।-

१३. दुर्गा बहादुर भाट क्षेत्री शिनपा २ रु ३०००।-

**संस्कृति संरक्षण तर्फ**

| | |
|---|---|
| १. खगे बहादुर गुरुङ्ग को समूह शिनपा २ देउसी भैलो बापत | रु ५०००।- |
| २. एभरेष्ट टच/ सिमलपानी युवा क्लव शिनपा १४ देउसी भैलो बापत | रु १५०००।- |
| ३. श्रृजना युवा क्लव शिनपा १४ देउसी भैलो बापत | रु १५०००।- |
| ४. गोरथुम युवा क्लव शिनपा ३ देउसी भैलो बापत | रु ५०००।- |
| ५. नेपाल मगर वि.युवा क्लव शिनपा  देउसी भैलो बापत | रु ५०००।- |
| ६. जनशक्ति युवा समूह शिनपा देउसी भैलो बापत | रु २५००।- |
| ७. पदमावती युवा क्लव शिनपा ३ देउसी भैलो बापत | रु २५००।- |
| ८. छाप युवा समूह शिनपा १३ देउसी भैलो बापत | रु ५०००।- |
| ९ मिरमिरे जनसांस्कृतिक युवा क्लव शिनपा ७ लामाताल | रु ५०००।- |
| १० कानाचौर भैलो समूह शिनपा ९ | रु ५०००।- |

**विपतद व्यावस्थापन तर्फ**

| | |
|---|---|
| १ दामोदर अर्याल शिनपा ५ | रु ५०००।- |
| २. यदु प्रसाद गैरे शिनपा ५ | रु ५०००।- |
| ३. बोम बहादुर परियार शिनपा १ | रु ३०००।- |
| ४ दल बहादुर कुमाल शिनपा ७ | रु ५०००।- |
| ५ भेषराज वस्याल शिनपा १० | रु ३०००।- |
| ६ कमला भाट क्षेत्री शिनपा २ | रु ५०००।- |
| ७ राम बहादुर कामी शिनपा ३ | रु ३०००।- |

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल विद्युत प्राविधकरण अर्घाखांची शाखाको पत्रबाट विद्युत कार्यालयको समन्वय विना कार्य गर्दा कम गुणस्तरीय कार्य भएकोले समन्वय विना गरेको कार्यमा विद्युत करेन्ट चार्ज नहुने भन्ने व्यहोरा उल्लेख गरी लेखि आएकोले चालु आ.व.मा वडा तर्फबाट विद्युतिकरणको लागि विनियोजन भएको रकमबाट उपभोक्ता समिति मार्फत कार्य गराउदा सामान खरिद तथा कार्यमा गुणस्तर कायम गर्न नगरपालिकाको प्राविधिक र नेपाल विद्युत प्राविधकरण अर्घाखांची शाखाको प्राविधिक कर्मचारीको समन्वय, रेखदेख र निर्देशन बमोजिम कार्य गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका भित्रका विभिन्न खानेपानी योजनाहरु विग्री अस्त व्यस्त भई मर्मतका लागि उपभोक्ताहरुबाट पाईप माग भई आएको सन्दर्भमा प्राप्त सवै निवेदनहरु उल्ललेख गरी उक्त योजनाहरु मर्मत सुधारको लागि पाईप उपलब्ध गराई दिन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय अर्घाखांचीलाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा साविकका गाविसमा कार्यरत कार्यालय सहायक र कार्यालय सहयोगी कर्मचारीहरु हाल वडा कार्यालयमा कार्यरत रहेको, केही वडाहरुमा थप भएका कार्यरत कार्यालय सहायक र कार्यालय सहयोगी कर्मचारीहरुलाई चालु आ.व.को श्रावण महिना देखि अर्को व्यावस्था नभए सम्मको लागि साविकमा खाईपाई आएको र वडा कार्यालयको निर्णय अनुसारको सेवा सुविधालाई निरन्तरता दिने । साथै कार्यालय सहायक कर्मचारी व्यावस्था गर्दा एसएलसी उतिर्ण गरेकोलाई प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय ठाडाबाट कार्यालय परिसर भित्र दुर्गा भगवतीको मन्दिर निर्माण कार्य भई रहेकोले सहयोग माग भई आएकोमा उक्त कार्यका लागि म्याचिङ्ग फण्डमा विनियोजन भएको रकमबाट रु ५० हजार दिने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस न.पा.अर्न्तगतका वडाहरुका भवन तथा जग्गा नभएका वडाहरुले उपयुक्त स्थानमा वडा समिति मार्फत जग्गा व्यावस्थापन गरी ७ दिन भित्र न.पा.मा पेश गर्ने साथै वडा बाट नटुंगीएको हकमा नपाको जग्गा व्यावस्थापन गर्न गठित समितिबाट टुंग्याउने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस न.पा.अर्न्तगतका स्वास्थ्य संस्थामा कार्यरत निम्न कर्मचारीहरुलाई साविकमा खाईपाई आएको सेवा सुविधालाई न.पा.बाट यस चालु आ.व.को लागि मात्र निरन्तरता दिने निर्णय गरियो

१. सिद्धारा स्वास्थ्य चौकी अहेव श्री नेत्र प्रसाद पौडेल

२. लामीदमार सामुदायिक स्वास्थ्य क्लिनिक अहेव श्री अमलाल ओली

३. लामीदमार सामुदायिक स्वास्थ्य क्लिनिक परिचर श्री रमिता ओली डागी

४ रजिया सामुदायिक स्वास्थ्य क्लिनिक अहेव श्री जनक अधिकारी